# मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मितिः२०७४।०७।१९

मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४ को दफा २५ मा संशोधन** : मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४ को दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छ :-

"२५ **पारिश्रमिक तथा बैठक खर्च** : (१) यस निर्देशिका बमोजिम मतदाता शिक्षाको लागि खटिएको जनशक्तिलाई देहाय बमोजिम पारिश्रमिक दिइनेछ :-

| **क्र.सं.** | **जनशक्तिको प्रकार** | **पारिश्रमिक रकम (रुपैयाँमा)** | **कैफियत** |
|---|---|---|---|
| १. | स्थानीय सुपरिवेक्षक (वडा सचिव) | ५,०००।- | कार्यक्रम अवधिभर एकमुष्ठ |
| २. | निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवक (मतदान केन्द्र अनुसार जम्मा १९८०९ जना) | १२,०००।-<br>३,०००।- | कार्यक्रम अवधिभर एकमुष्ठ<br>अन्तरक्रिया चिया खर्च |
| ३. | मतदाता शिक्षा जिल्ला समन्वयकर्ता (रा.प. अनंकित प्रथम श्रेणी) | ५,०००।- | कार्यक्रम अवधिभर एकमुष्ठ |

(२) यस निर्देशिका बमोजिमका मतदाता शिक्षा सम्बन्धी समितिको बैठक बापत देहाय बमोजिम बैठक भत्ता तथा खाजा खर्च दिइनेछ :-

| **क्र.सं.** | **समितिको नाम** | **बैठक संख्या** | **बैठक भत्ता एकमुष्ठ (रुपैयाँमा)** | **खाजा खर्च (रुपैयाँमा)** |
|---|---|---|---|---|
| **१.** | मतदाता शिक्षा जिल्ला समन्वय समिति | आवश्यकता अनुसार | २५,०००।- | ५,०००।- |
| **२.** | वडास्तरीय मतदाता शिक्षा समन्वय समिति | आवश्यकता अनुसार | - | २,०००।- |

"